# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले लघुवित्त बैंकर्स संघद्वारा वैशाख २७ गते आयोजित कार्यशाला गोष्ठीलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुभयो । मन्तव्यको क्रममा उहाँद्वारा व्यक्त मुख्य विषयहरु यस प्रकार रहेका छन् –

- नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्थाहरुलाई एकातिर मर्जर मार्फत् संख्यात्मक न्यूनीकरण गर्ने र अर्कातिर वित्तीय पहुँच अभिवृद्धिका लागि ग्रामीण तथा दुर्गम क्षेत्रमा सेवा विस्तार गर्ने दुई धारको नीतिमा अघि बढिरहेको हुँदा यो नीतिलाई सफल बनाउन अवलम्बन गर्नुपर्ने नीतिगत प्रक्रियाका सम्बन्धमा सुझाव दिनु होला ।
- नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबार गर्न स्वीकृति दिइएका सहकारी तथा गैर सरकारी संस्थालाई 'घ' वर्गका वित्तीय संस्थामा रुपान्तरण गर्नका लागि अवलम्बन गर्नु पर्ने प्रक्रियाका सम्बन्धमा सुझाव दिनु होला । असीमित सङ्ख्यामा रहेका वचत तथा ऋण सहकारी संस्थाहरु माझ राष्ट्र बैंकले सीमित सहकारी संस्थाको सुपरिवेक्षण गरेर बस्नु युक्तिसङ्गत नदेखिएकोले रुपान्तरण आवश्यक देखिन्छ ।
- बैंक तथा वित्तीय संस्थाको व्याजदर निर्धारण प्रक्रियालाई वस्तुवादी, पारदर्शी र प्रतिष्पर्धी बनाउन 'क' वर्गका वाणिज्य बैंकमा आधार दर लागु गरिसकिएको र अब अरु वर्गका वित्तीय संस्थामा समेत क्रमशः लागु गर्दै जानु उपयुक्त देखिएको हुँदा यसको लागि समेत उपयुक्त सुझाव दिनुहोला ।
- लघु वित्तका क्षेत्रमा बढ्दो जोखिम व्यवस्थापन गर्नका लागि निक्षेप सुरक्षित गर्न र अस्वस्थ रुपमा हुने संख्यात्मक विस्तार रोक्न 'घ' वर्गका वित्तीय संस्थामा समयसापेक्ष पुँजी अभिवृद्धि गर्नेबारे गोष्ठीबाट उपयुक्त धारणा आओस् ।
- जिल्लाको नक्साङ्कनले मात्र वित्तीय सेवा पहुँचको यथार्थ चित्र नदेखाउने हुँदा गाउँको नक्साङ्कन गरी जिल्ला सदरमुकाम बाहिर वित्तीय सेवा नपुगेका स्थानहरुमा लघु वित्त सेवा विस्तार गर्ने मोडेलका सम्बन्धमा सुझाव दिनुहोला ।
- सामूहिक जमानीमा प्रदान गरिने कर्जा तथा ससानो धितोमा दिइने कर्जाको उच्चतम सीमा र प्रक्रिया कति र कस्तो गर्नु उपयुक्त हुन्छ ? यस सम्बन्धमा सुझाव दिनुहोला ।
- लघु वित्तीय संस्था र वाणिज्य बैंक दुवैले समेट्न नसकेको नेपालको मध्यम स्तरीय ठूलो जनसंख्यालाई वित्तीय सेवामा समेट्न सक्ने माडेलका सम्बन्धमा गोष्ठीबाट उपयुक्त सुझाव दिनुहोला ।
- साना तथा मझौला व्यवसाय र व्यवसायीको Data Base बनाउने कार्य गरिने हुँदा यसका लागि के कसरी आवश्यक सहयोग गर्न सक्नु हुन्छ, धारणा दिनुहोला ।
- साथै 'क' 'ख' 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाबाट अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा क्रमशः वृद्धि गर्दै लैजाने बैंकको विद्यमान नीतिमा पुनरावलोकन गर्नुपर्ने माग आइरहेको छ । यसबारे संघबाट सुझाव दिनुहोला ।

२०७० जेठ २ गते, बिहीबार

गभर्नरको कार्यालय